# शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिईं–नेपाल)

NCE NEPAL

त्रैमासिक समाचार पत्र

अंक २, जुन २०१८

## शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह–२०१८




मुलुक संघीयतामा प्रवेश गरे पश्चात नेपालको शिक्षा क्षेत्र पनि परिवर्तन हुने अवस्थामा छ । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गरेको छ । यसरी संविधानले दिएको मौलिक हक कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व स्थानीय सरकारको रहेको छ । यसका अलावा स्थानीय सरकारले दिगो विकास लक्ष्य, सन् २०३० सम्मको शिक्षा, विद्यालय क्षेत्र विकास योजना जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिवद्धताहरुलाई सँगसँगै अङ्गालेर जानुपर्ने आवश्यकता रहेको देखिन्छ। यस कारण दिगो विकासको लक्ष्य ४ ले सुनिश्चित गरे अनुरुपको गुणस्तरीय, समतामूलक, समावेशी तथा जिवनोपयोगी शिक्षालाई नेपालको सन्दर्भमा पूर्ण रुपमा कार्यन्वयन गर्नका निमित्त विशेष गरी स्थानीय सरकारसँग निरन्तर वकालत तथा पैरवी गरी उनीहरुको योजना र कार्यक्रमहरुमा शिक्षालाई प्राथमिकतामा राख्नका लागि पहल गर्न आवश्यक रहेको छ ।

यसका साथै यस वर्ष सम्पन्न भएको GPE Replenishment Conference मा विश्वका विभिन्न सरकार तथा दातृ निकायहरुले शिक्षामा वित्त व्यवस्थापनका निमित्त प्रतिवद्धता गरेका छन् । उक्त सम्मेलनमा नेपाल सरकारले पनि शिक्षा क्षेत्रमा कूल बजेटको २०% छुट्याउने र प्रत्येक वर्ष आन्तरिक वित्त लगानी वृद्धि गर्ने प्रतिवद्धता जनाएको छ । यसै गरी विभिन्न राजनीतिक दलहरुले विभिन्न तहका निवार्चनहरुको क्रममा शिक्षा सम्बन्धी हकको सुनिश्चितताको निमित्त विभिन्न प्रतिवद्धताहरु जनाएका छन् । तसर्थ सरकार र राजनीतिक दलहरुले गरेका शिक्षा सम्बन्धी प्रतिवद्धताहरुलाई व्यवहारमा लागू गर्नका निमित्त नागरिक समाजको तर्फबाट निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी दबाव श्रृजना गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिईं–नेपाल) ले आफ्ना सदस्य संस्थाहरु तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाज तथा सरोकारवालाहरुसँगको सहकार्यमा "दिगो विकास लक्ष्य ४ मा राज्यको जवाफदेहिता र नागरिक सहभागिता" विषयमा शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह–२०१८ भव्यताका साथ सम्पन्न गरेको छ ।

### यस अंकमा :


- शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह–२०१८
- विश्वव्यापी कार्य सप्ताहका: सहकार्य र समन्वय
- दिगो विकास लक्ष्य ४ मा राजनीतिक प्रतिवद्धता
- शिक्षामा पहुँच अभिवृद्धिका निमित्त एनसिईं–नेपाल जिल्ला समन्वय समितिहरुको अग्रगामी भूमिका
- शिक्षामा जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न नागरिक अपिल हस्तान्तरण
- दिगो विकास लक्ष्य प्राप्तीका लागि जनसहभागिता
- विद्यार्थीहरुद्वारा सम्माननीय प्रधानमन्त्रीलाई खुल्ला पत्र
- प्रमाणमा आधारित वकालत तथा पैरवी
- शिक्षामा लगानी बढाउन सम्बन्धित निकायहरुको ध्यानाकर्षण
- विश्वव्यापी कार्य सप्ताहका निमित्त पत्रकार सम्मेलन
- रेडियो तथा टि.भी.कार्यक्रमहरुमा सार्वजनिक शिक्षाका मुद्दाहरु


शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिईं–नेपाल) देशका विभिन्न ३३९ राष्ट्रिय, अन्तर्राष्ट्रिय गैहसरकारी संघ संस्थाहरु, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चारमाध्यमहरु तथा अन्य समुदायस्तरमा परिचालित संघसस्थाहरुको एक राष्ट्रिय सञ्जाल हो । एनसिईं–नेपालका लागि गुणस्तरीय शिक्षाका निमित्त नीति निर्माण, नीतिहरुमा समय सापेक्ष सुधार एवम् कार्यान्वयनमा दृढता स्थापित गर्नु नै मुख्य गन्तव्य हो । करिब १५० भन्दा बढी देशमा गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका लागि क्रियाशील 'शिक्षाका लागि विश्वव्यापी अभियान' (Global Campaign for Education-GCE) सँगको आवद्धता सहित नेपालका शिक्षा अधिकारकर्मीहरुको साझा प्रयत्नमा एनसिईं–नेपाल सन् २००३ बाट निरन्तर रुपमा अगाडि बढिरहेको छ । एनसिईं–नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवाज विहीनहरुको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो । समतामूलक समाज निर्माणको आधारको रुपमा 'शिक्षा अधिकार' लाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खबरदारी एवम् साझेदारी गर्दै शिक्षा क्षेत्रको नागरिक अभियानका रुपमा यो सञ्जाल स्थापित भएको छ । यस संस्थाले स्थानीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै जनस्तरका मुद्दाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुर्‍याउँदै आएको छ ।

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल**
(एनसिईं–नेपाल)
बबरमहल, काठमाडौं
पो.ओ.बक्स : १४४२१
फोन नं. ९७७–१–६२०३००९, ०१–४२२३४२०
ईमेल : info@ncenepal.org.np
वेबसाईट : www.ncenepal.org.np
फेसबुक : www.facebook.com/nce.nepal.9



"सार्वजनिक शिक्षालाई प्राथमिकता, सबै मिली बढाऔं यसको गुणस्तरता"




चार सय भन्दा बढी संघसंस्थाहरुको सहकार्य र सहभागितामा सम्पन्न उक्त कार्य सप्ताहले स्थानीय, प्रादेशिक तथा संघीय सरकार लगायत राजनीतिक दलहरुलाई मुलुकको सार्वजानिक शिक्षा सुदृढीकरणका निमित्त राष्ट्रले गरेका प्रतिवद्धताहरुप्रति जवाफदेही बनाई सो प्रतिवद्धताहरु कार्यान्वयन गर्नका लागि विभिन्न कार्यक्रमहरु सम्पन्न गरी दबाव श्रृजना गरेको थियो । यसका साथै सप्ताहव्यापी रुपमा सम्पन्न गरिएका विभिन्न कार्यक्रमहरुले समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने गरी अभियान, अन्तरक्रिया, छलफल, डेलिगेसन, माग हस्तान्तरण र हस्ताक्षर संकलन जस्ता कार्यक्रमहरु गरेको थियो, जसले विभिन्न तहमा रहेका सरकारहरुलाई थप जवाफदेही र जिम्मेवार बनाउन सहयोग गरेको छ । साथै भर्खरै सम्पन्न निर्वाचन पश्चात संघीय, प्रादेशिक र स्थानीय सरकार गठन भई ''समृद्ध नेपाल सुखी नेपाली'' को लक्ष्य बोकेर मुलुक अघि बढिरहेको अवस्थामा सप्ताहव्यापी रुपमा देशभर गरिएका विभिन्न कार्यक्रमहरुले सबै तहका सरकार, संसद्का सदस्य, राजनीतिक दल, तथा शिक्षा सम्बद्ध अन्य सरोकारवालाहरुको ध्यानाकर्षण गरेको छ । उक्त कार्य सप्ताहले विशेष गरी मुलुकका सार्वजनिक शिक्षा सुदृढीकरण गरी निःशुल्क, गुणस्तरीय र समतामूलक शिक्षा प्रदान गर्नका निमित्त स्थानीय सरकारको क्षमतालाई अभिवृद्धि गर्ने, सरकार एवम् सबै राजनीतिक दलहरुद्वारा विभिन्न निर्वाचनका क्रममा गरिएका प्रतिवद्धताहरुलाई व्यवहारमा लागू गर्न दबाव र विकास एवम् समृद्धिको अभियानमा नागरिक समाजको भूमिका बढोत्तरी गर्नका निमित्त राष्ट्रिय स्तरमा राज्यको ध्यानाकर्षण गरेको छ ।

## विश्वव्यापी कार्य सप्ताहका: सहकार्य र समन्वय

शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ लाई सफल र प्रभावकारी रुपमा सम्पन्न गर्नको निमित्त र यस अभियानमा नागरिकको सहभागिता अभिवृद्धि गर्न एनसिई-नेपालले शिक्षा र बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाजका संघसंस्थाहरु, शिक्षा पत्रकारहरु, शिक्षक, अभिभावक र युवा लगायत अन्य सम्बन्धित सरोकारवालाहरुको बीचमा समन्वय बैठक सम्पन्न गरेको थियो । उक्त बैठकको क्रममा कार्य सप्ताहको अवधिमा गरिने योजना तथा कार्यक्रमहरु प्रस्ताव तथा छलफल गरी पारित गरिएको थियो । सो बैठकमा विभिन्न संघ संस्थाहरुले विश्वव्यापी कार्य सप्ताहलाई भव्यताका साथ सफल बनाउन ऐक्यवद्धता जनाई एनसिई-नेपालसँग हातेमालो गर्ने प्रतिवद्धता गरेको थिए ।



### एनसिई-नेपाल जिल्ला समन्वय समितिसंग छलफल



एनसिई-नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको अभियानलाई समुदाय र स्थानीय निकायसम्म पुऱ्याउने उद्देश्यका साथ एनसिई-नेपालका जिल्ला समन्वय समितिहरुको कार्यशाला पोखरामा सम्पन्न गरेको थियो । उक्त कार्यशालामा जिल्ला समन्वय समितिहरुलाई यस वर्षको कार्य सप्ताहको विषयवस्तु, अवधारणा र औचित्यको बारेमा सचेतीकरण गरिएको थियो । कास्कीको पोखरामा सम्पन्न उक्त कार्यशालामा एनसिईका कार्यक्रम व्यवस्थापक श्री राम गैरेले अभियानको क्रममा जिल्लास्तरमा सम्पन्न गर्ने विभिन्न अभियानमुलक क्रियाकलापहरु प्रस्तुत गर्नु भएको थियो र प्रस्तुत योजनाहरुलाई छलफल पश्चात पारित गरिएको थियो ।

# दिगो विकास लक्ष्य ४ मा राजनीतिक प्रतिवद्धता

## सार्वजनिक शिक्षा सुदृढीकरण गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री र संघीय संसदका सभासदहरुको प्रतिवद्धता

विश्वव्यापी कार्य सप्ताह-२०१८ को क्रममा नेपालको सविधान २०७२, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, बाल अधिकार महासन्धि लगायत अन्तर्राष्ट्रिय महासन्धिहरु र राजनीतिकदलहरुले निर्वाचनको क्रममा गरेका विभिन्न शिक्षा सम्बन्धी प्रतिवद्धताहरुको कार्यन्वयन गरी नेपालको सार्वजानिक शिक्षा सुदृढीकरण गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराज मणि पोख्रेल, प्रतिनिधि सभाका माननीय सभासदहरु, राजनीतिक दलका प्रतिनिधिहरु लगायतले आफ्नो प्रतिवद्धता जनाउनु भएको थियो ।"सार्वजनिक शिक्षा सुदृढीकरणका लागि राजनीतिक प्रतिवद्धता" विषयक उक्त संवाद कार्यक्रम एनसिई-नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको अवसरमा काठमाडौँमा आयोजना गरेको थियो ।



कार्यक्रममा पूर्व शिक्षा सचिव तथा स्थानीय तह पुन:सरंचना आयोगका पूर्व अध्यक्ष श्री बालानन्द पौडेलले विभिन्न राजनीतिक दलहरुले आफ्नो चुनावी घोषणापत्रहरुमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता र उक्त प्रतिवद्धता कार्यन्वयन गर्न आवश्यक कदमहरु बारे चर्चा गर्दै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराज मणि पोखरेलले मुलुकको सार्वजनिक शिक्षा सुदृढीकरणका लागि हालको लगानी अपर्याप्त रहेको स्वीकार गर्दै शिक्षामा लगानी




बढाउनका निमित्त सक्दो प्रयास गर्ने प्रतिवद्धता जनाउनु भएको थियो । यसका साथै उहाँले नागरिक समाजका संस्थाहरुले समेत अर्थ मन्त्रालयसँग शिक्षामा लगानी बढाउनका निमित्त वकालत तथा पैरवीहरु गरी निरन्तर दबाव श्रृजना गर्न समेत आग्रह गर्नु भएको थियो । कार्यक्रममा नेकपा एमालेका सचिव तथा प्रतिनिधि सभाका सांसद माननीय योगेश कुमार भट्टराई, पूर्वमन्त्री तथा नेकपा माओवादी (केन्द्र) र प्रतिनिधि सभाका सदस्य माननीय रेखा शर्मा, पूर्वमन्त्री तथा नेपाली काँग्रेस केन्द्रिय सदस्य र प्रतिनिधि सभाका सदस्य माननीय मिन बहादुर विश्वकर्मा, संघीय समाजवादी फोरमका नेता तथा प्रतिनिधि सभाका सदस्य माननीय उमा शंकर अर्गरिया र राष्ट्रिय जनता पार्टीका नेता तथा राष्ट्रिय सभा सदस्य माननीय वृकेश चन्द्र लालको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रममा उपस्थित अविभावक, शिक्षक, पत्रकार, नागरिक समाजका अगुवाहरु, विद्यार्थी र शिक्षाविद्हरुले अहिलेको परिवर्तित सन्दर्भलाई अवसरको रुपमा लिई सार्वजनिक शिक्षाको सुदृढीकरणमा लाग्नुपर्ने बताउनु भएको थियो । कार्यक्रमले सरकार, नागरिक समाज लगायत अन्य सबै सरोकारवालाहरुलाई दिगो विकास लक्ष्य प्राप्तीको लागि सामुहिक उत्तरदायित्वमा अभिप्रेरित हुन मद्दत पुऱ्याएको थियो ।

## स्थानीय सरकारको ध्यानाकर्षण गर्दै एनसिई-नेपाल जिल्ला समन्वय समितिहरु

### *संघीय संरचनामा सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त स्थानीय सरकारको प्रतिवद्धता*

संविधान पद्दत शिक्षा अधिकार सुनिश्चित गर्ने दायित्व स्थानीय सरकारलाई दिइएको छ । तसर्थ सबैले समान, समावेशी र गुणस्तरीय शिक्षा पाउने कुरोको सुनिश्चित गर्न सबै स्थानीय सरहकारहरु नागरिकको संविधान पद्दत हकहित प्रति जवाफदेही र जिम्मेवार हुनुपर्दछ । यसै सारलाई आत्मसाथ गर्दै शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एनसिई-नेपाल जिल्ला समन्वय समितिहरुले जिल्लास्तरमा रहेका स्थानीय सरकार, राजनीतिक दल, नागरिक समाज, पत्रकार लगायत शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरुलाई सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त आ-आफ्नो तर्फबाट प्रतिवद्ध र जवाफदेही बनाउने लक्ष्यका साथ निरन्तर वकालत तथा पैरवीहरु गरेका थिए । यस सन्दर्भमा एनसिई-नेपालका जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, मोरङ्ग, बाँके, धनुषा, कपिलवस्तु र रुपन्देहीले स्थानीय सरकार, राजनीतिक दल एवम् नागरिक समाज, र समुदायहरुको संलग्नतामा विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु सम्पन्न गरी सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त उहाँहरुको प्रतिवद्धता लिन सफल भएका थिए ।



## "दिगो विकास लक्ष्य ४ का लागि स्थानीय सरकारको भूमिका" विषयक संवाद

शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एनसिई–नेपाल जिल्ला समन्वय समिति पर्वतले, कुश्मा नगरपालिकासँगको साझेदारीमा "दिगो विकास लक्ष्यमा शिक्षा र शिक्षाका लागि स्थानीय सरकारको भूमिका" विषयक संवाद कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा कुश्मा नगरपालिकाका प्रमुख श्री रामचन्द्र जोशीले दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न राष्ट्रले गरेको संकल्पहरुलाई स्थानीय सरकारहरुले पनि ग्रहण गरी सोही अनुरुप कार्यहरु गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।



कार्यक्रममा उपस्थित कुश्मा नगरपालिकाका कार्यपालिका सदस्य र १४ वटै वडाका अध्यक्ष र सदस्यहरुले मुलुकले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शैक्षिक प्रतिवद्धताहरुलाई अनुशरण गर्दै त्यस अनुरुप आगामी दिनहरुमा योजना बनाई कार्य गर्न आफूहरु प्रतिवद्ध रहेको बताउनु भएको थियो । कार्यक्रमले माध्यमिक तहसम्मको सार्वजनिक शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकार समक्ष आएको हुँदा शिक्षा अधिकारमा सबैको पहुँच सुनिश्चित गर्नका निमित्त अबका दिनमा स्थानीय सरकारहरुले अग्रगामी भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिएको थियो ।

## दिगो विकास लक्ष्यमा सचेतिकरण

दिगो विकास लक्ष्य ४ बारे नागरिक समाजका प्रतिनिधिहरुलाई सचेतिकरण गरी सो लक्ष्य प्राप्तिका निमित्त उनीहरुको आ–आफ्नो तर्फबाट जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यका साथ एनसिई–नेपाल जिल्ला समन्वय समिति पाल्पाले शिक्षा सरोकारवालाहरुसँग अभिमुखीकरण सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा पाल्पा जिल्लाका शिक्षा अधिकृत श्री महेन्द्र सुवेदीले प्रस्तुत गर्नु भएको



कार्यपत्रले जिल्लाको शिक्षा सवाल, स्थानीय तहको भूमिका, स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरण पछिको अवस्था, विद्यालय भर्ना अभियान, दिगो विकास लक्ष्यमा शिक्षा जस्ता विभिन्न विषयहरुलाई छलफलमा ल्याउनु भएको थियो । कार्यक्रममा एनसिई–नेपाल जिल्ला सञ्जालका सदस्यहरु, स्थानीय सरकार जनप्रतिनिधीहरु, जिल्लास्थित राजनितिक दलका प्रतिनिधिहरु, शिक्षा सम्बद्ध संघसंस्थाका प्रतिनिधिहरु तथा पत्रकारहरुले दिगो विकास लक्ष्य ४ हाँसिल गर्नका निमित्त आ–आफ्नो स्तरबाट गर्न सकिने प्रयासहरुका लागि आफूहरु प्रतिवद्ध रहेको बताएका थिए ।

यसै गरी एनसिई–नेपाल जिल्ला समन्वय समिति पर्वतले पनि मोदी गाउँपालिका र फलेवास नगरपालिकामा दिगो विकास लक्ष्य ४ का बारेमा नागरिक समाज संगठनका प्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमले विशेष गरी दिगो विकास लक्ष्य ४ ले निर्दिष्ट गरेको समतामूलक, समावेशी, गुणस्तरीय र जीवनपर्यन्त शिक्षाका बारेमा जानकारी गराउँदै, सो लक्ष्यहरुलाई हासिल गर्नका निमित्त नेपालले गरेको प्रतिवद्धता, वर्तमान चुनौतीहरु र अबका दिनमा गर्न सकिने पहल कदमीहरु बारेमा समेत छलफल गरेको थियो । साथै उक्त कार्यक्रममा नागरिक समाजका संगठनले दिगो विकास लक्ष्यको सफल कार्यन्वयन गर्न सामूहिक उत्तरदायित्व बहन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

एनसिई–नेपाल जिल्ला समन्वय समिति मोरङ्गले विश्वव्यापी कार्य सप्ताहको क्रममा स्थानीय सरकार, जिल्ला शिक्षा कार्यालय लगायत नागरिक समाज, पत्रकार, आमा समूह, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय परिवार, आदिको सहभागितामा "शिक्षामा हाम्रो पहुँच" विषयक अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गरेको थियो । कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख श्री भिम परजुलीले शिक्षालाई विकास प्रक्रियाको प्रमुख केन्द्रबिन्दुमा राखी गरीब, पिछडिएका तथा सिमान्तकृत समुदायका बढी भन्दा बढी बालबालिकाहरुलाई विद्यालय शिक्षामा आवद्ध गराउनका निमित्त रचनात्मक ढङ्गबाट कार्य गर्ने प्रतिवद्धता जनाउनु भएको थियो । यसै गरी सो कार्यक्रममा प्रदेश नं १ का माननीय प्रदेश सभा सदस्य श्री केदार कार्किले गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका निमित्त



उपयुक्त प्रादेशिक शिक्षा ऐन तथा नीति नियमहरु बनाउने प्रतिवद्धता जनाउनु भएको थियो । स्थानीय सरकारले स्थानीय स्तरमा शिक्षा नीति निर्माण गर्दा सहभागितामूलक रुपमा सबै वर्ग र समुदायलाई सहभागी गराई "हाम्रो शिक्षा हाम्रो भविष्य" भन्ने मुल नारालाई मध्यनजर गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

## सामुदायिक भेला सम्पन्न

शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको क्रममा एनसिई–नेपाल जिल्ला समन्वय समिति बाँकेले सार्वजनिक शिक्षा प्रतिको जवाफदेहिता बढाउनका लागी स्थानीय निकाय तथा अन्य सम्बन्धित सरोकारावालाहरुको सहभागितामा उक्त जिल्लाको खजुरा गाउँपालिकामा सामुदायिक भेलामा सम्पन्न गरेको थियो । समुदाय स्तरमा सञ्चालित उक्त कार्यक्रमले शिक्षा अधिकारको सुनिश्चतताका लागि अभिभावकहरुले गर्ने योगदानको विषयमा चर्चा गरेको थियो । नागरिक समाज, स्थानीय समुदाय र स्थानीय सरकारको प्रतिनिधिहरु रहेको उक्त कार्यक्रमले अबको स्थानीय सरकारले नीति निमार्णसँगै त्यसको कार्यन्वयन पक्ष बलियो बनाउनुपर्ने, अनुगमन र मूल्याङ्कन निश्पक्ष एवम् पारदर्शी हुनुपर्ने र आचार संहितालाई कानून भित्र रही उचित ढङ्गबाट पालना गर्नुपर्ने कुराहरुमा जोड दिएको थियो । यसका अतिरिक्त सो भेलाले विद्यालयमा कार्यरत शिक्षकहरुको तलब तथा सुविधा तथा नितिगत कुराहरु समान हुनुपर्ने उल्लेख गरेको थियो । साथै एनसिई–नेपालका जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, मोरङ्ग र बाँकेले समेत शो अवसरमा समूहिक भेला आयोजना गरेका थिए । उक्त जिल्लाहरुमा सम्पन्न भएका कार्यक्रमहरुमा उपस्थित स्थानीय



सरकार प्रतिनिधिहरुले नेपाल सरकारले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शैक्षिक प्रतिवद्धताहरुलाई अनुशरण गर्दै त्यस अनुरुप आगामी दिनहरुमा योजना बनाई कार्य गर्ने प्रतिवद्धताहरु जनाउनु भएको थियो ।

## बालिका शिक्षामा सुरक्षा र संरक्षण सुनिश्चितताका निमित्त नीतिगत संवाद



शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एनसिई–नेपाल जिल्ला समन्वय समिति कपिलवस्तु र रुपन्देहीले समुदाय स्तरमा रहेका किशोरीहरुको "शिक्षामा सुरक्षा र संरक्षण" विषयक संवाद कार्यक्रमहरु कपिलवस्तुको शुद्धोधन गाउँपालिका र रुपन्देहीको मर्झगाँवा गाउँपालिकामा सम्पन्न गरेका थिए । उक्त कार्यक्रमहरुले बालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न उनीहरुको सुरक्षा र संरक्षणको सवालमा स्थानीय निकाय तथा अन्य सम्बन्धित सरोकारवालाहरुको जवाफदेहिता अभिवृद्धि गर्न पहल गरेको थियो । कार्यक्रमले शिक्षामा पहुँच सम्बन्धी विभिन्न सवालहरु जस्तैः छोरा र छोरीमा हुने सामाजिक भेदभाव, दुर्व्यवहारहरु, बाल विवाह, दाइजो प्रथा,विद्यालयको वातावरण, बालिकामैत्री भौतिक पूर्वाधार, शिक्षकको दुर्व्यवहार, आदि जस्ता समस्याहरुका कारण किशोरीहरुले विद्यालय छोड्ने कुराको उजागर गरेको थियो ।

यस्ता समस्याहरुका तथ्यलाई किशोरीहरु स्वयम्ले स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण गराएका थिए । कार्यक्रमहरुमा उपस्थित स्थानीय सरकारका जनप्रतिनिधिहरुले उक्त सवालहरुलाई गम्भीरताका साथ सम्बोधन गर्ने र स्थानीय तहले बनाउने शिक्षा ऐन, नीति र कार्यक्रमहरुमा पनि सो विषयवस्तुलाई समेट्ने प्रतिवद्धताहरु जनाउनु भएको थियो । यसका साथै कार्यक्रममा उपस्थित सहभागीहरुले विद्यालय बाहिर रहेका बालिकाहरुको पहिचान गरी विद्यालयसम्म ल्याउन र टिकाउनका लागि स्थानीय तहले नीति र योजना बनाउनुका साथै छात्रवृत्तिको व्यवस्थापन र कार्यान्वयन, छात्रावास, विद्यालयमा बालमैत्री वातावरण, पृष्ठपोषण कक्षा, पारिवारिक सहयोग लगायत परिवारलाई आयमूलक कार्यक्रम, नियमित परामर्श सेवा, जस्ता कार्यक्रमहरु उनीहरुका लागि सहयोगी हुन सक्ने कुरामा जोड दिएका थिए ।



# शिक्षामा पहुँच अभिवृद्धिका निमित्त एनसिई-नेपाल जिल्ला समन्वय समितिहरुको भूमिका

## भर्ना अभियान विषयक कार्यक्रमहरु




सार्वजनिक शिक्षालाई प्राथमिकरण गर्दै समुदायस्तरमा रहेका बढी भन्दा बढी बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ एनसिई-नेपालका जिल्ला समन्वय समितिहरु पाल्पा, धनुषा र कपिलवस्तुले समुदायस्तरमा शिक्षा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेका थिए ।

एनसिई-नेपाल जिल्ला समन्वय समिति पाल्पाद्वारा जिल्ला शिक्षा कार्यालय तथा स्थानीय सरकारहरुको समन्वयमा विद्यालय भर्ना अभियान २०७५ सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा उपस्थित सबै संघ संस्था तथा एनसिई-नेपालका सदस्य संघ संस्थाहरुले आ-आफ्नो कार्यक्षेत्रमा भर्ना अभियानका निमित्त “हामी सबैको इच्छा, अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा” भन्ने मुल नाराका साथ जिल्लामा गर्ने विभिन्न अभियान मूलक तथा सचेतिकरण कार्यक्रमका रुपरेखा तयार गरेका थिए ।



त्यसै गरी एनसिई-नेपाल जिल्ला समन्वय समिति धनुषाले जिल्ला स्थित सबैला नगरपालिकामा रहेका मुस्लिम समुदाय, त्यसमा पनि विशेष गरी बालिकाहरुको शिक्षामा पहुँच बढाउने लक्ष्यका साथ समुदाय यस्तरमा संवाद कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा वडा अध्यक्ष, मर्दसा मौल्वी, आमा समूह, मदर्साका बालक्ल्ब लगायत स्थानीय समुदायमा रहेको अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थिती रहेको थियो । समुदायमा रहेका कुनै पनि बालबालिकाहरु शिक्षाबाट वञ्चित हुनुहुँदैन भन्ने उद्देश्यका साथ आयेजित उक्त कार्यक्रमले सो लक्ष्य प्राप्त गरी यस वर्षको भर्ना अभियानलाई सफल बनाउनका निमित्त समुदाय परिचालनलाई प्राथमिकता दिएको थियो । यसका अलावा नगर पालिकामा रहेका विद्यालय जाने उमेर भएका तर विद्यालय बाहिर रहेका अन्य बालबालिकाहरुलाई पनि विद्यालय भर्ना गर्नका निमित्त विद्यालय स्तरीय अभिभावक भेला, र्‍याली, घरदैलो कार्यक्रम, आदि जस्ता विभिन्न सचेतनामूलक कार्यक्रमहरु एनसिई-नेपाल जिल्ला समन्वय समिति धनुषाले स्थानीय सरोकारवालाहरुको सहकार्यमा सम्पन्न गरेको थियो ।

यसै गरी एनसिई-नेपाल जिल्ला समन्वय समिति कपिलवस्तुले नगरपालिका र गाउँपालिका स्तरमा भर्ना अभियानको सवालमा समुदायस्तरीय छलफल कार्यक्रमहरु सम्पन्न गरेको थियो । कपिलवस्तु जिल्ला अन्तर्गत रहेको महाराजगंज नगरपालिका वडा नं ७ र १०, मायादेवी गाउँपालिका वडा नं १ र शुद्धोधन गाउँपालिका वडा नं ३ मा समुदायस्तरमा भर्ना अभियान सम्बन्धी जानकारी, विद्यालय तथा बाल क्लब स्तरमा छलफल, सचेतना र्‍याली, ब्यानर, पर्चा पम्प्लेट टाँस र वितरण गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो ।



उक्त अभियानमा बाल क्लब, बालसंजाल, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला समूह गरी प्रत्यक्ष रुपमा ५४६ सहभागिहरु परिचालित भएका थिए । त्यसैगरी एनसिई-नेपाल जिल्ला समन्वय समिति कास्कीले पनि भर्ना अभियानको क्रममा स्थानीय सरकार, नागरिक समाज, विद्यालय परिवार, अभिभावक, विद्यार्थी एवम् पत्रकारहरुको उपस्थितीमा विद्यालय भर्ना अभियान सम्बन्धी समुदायस्तरमा १० वटा अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सञ्चालन गरेका थिए । यसरी सम्पन्न गरिएका कार्यक्रमहरुमा विद्यार्थीहरुलाई विद्यालय पोशाक, पाठ्यपुस्तक, ब्याग तथा अन्य विभिन्न शैक्षिक सामग्रीहरु उपलब्ध गराउनुका साथै कास्की जिल्लाका ६५ वटा विभिन्न विद्यालयहरुमा अध्ययनरत करिब ४०० जना विद्यार्थीहरुलाई छात्रवृत्ति पनि प्रदान गरिएको थियो ।



## अक्षयकोष सहयोग

यस वर्षको विद्यालय भर्ना अभियानको सन्दर्भमा पाल्पा जिल्लामा रहेका कुमाल समुदायका बालबालिकाहरुलाई विद्यालयमा सहज पहुँच गराउने उद्देश्यका साथ स्थानीय निकायद्वारा स्थापना गरिएको विद्यालय भर्ना अन्तर्गतको कोषमा एनसिई–नेपाल जिल्ला समन्वय समिति पाल्पाका सदस्य संस्था (सामाजिक श्रोत विकास केन्द्र) द्वारा रु. १०,००० नगद सहयोग गरिएको थियो । साथै विद्यालयमा अध्ययनरत बालिकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी उनीहरुलाई महिनावारी हुँदा सहज होस् भन्ने उद्देश्यका साथ एनसिई–नेपाल जिल्ला समन्वय समिति पाल्पाको संयोजक संस्था (ईन्द्रेणी सामाजिक केन्द्र) द्वारा विद्यालयसँगको साझेदारीमा जिल्लाका २ वटा विद्यालयहरु (श्री जनक मा.वि. र श्री लक्ष्मी मा.वि.) मा "स्यानेटरी प्याड कोष" को स्थापना गरी रु. २०,००० सहयोग समेत गरिएको थियो ।

## घरदैलो तथा सचेतना कार्यक्रम








विद्यालय भर्ना अभियान २०७५ लाई सफल बनाउनका निमित्त एनसिई–नेपाल जिल्ला समन्वय समितिहरुले सार्वजनिक शिक्षालाई प्राथमिकतामा राखी सो सम्बन्धी जनचेतना फैलाउने उद्देश्यका साथ टोल–टोलमा घरदैलो कार्यक्रमहरु संचालन गरेका थिए । उक्त कार्यक्रमहरुले अभिभावकहरुलाई सार्वजनिक शिक्षाको महत्व बुझाउँदै आफ्ना बालबालिकाहरु, अझ विशेष गरी बालिकाहरुलाई विद्यालय शिक्षा पहुँचका लागि भर्ना गर्न अभिप्रेरित गरेका थिए । यसरी समुदायस्तरमा भर्ना अभियान सम्बन्धी घरदैलो तथा सचेतना कार्यक्रमहरु एनसिई–नेपाल जिल्ला समन्वय समितिहरु मकवानपुर, पाल्पा, धनुषा, महोत्तरी, नवलपरासी र कालिकोटले सम्पन्न गरेका थिए । यसरी सञ्चालित घरदैलो कार्यक्रमहरुमा स्थानीय स्तरमा क्रियाशिल रहेका विभिन्न समूहहरु जस्तैः आमा समूह, वन उपभोक्ता समूह, बाल क्लब, आदिको सहभागीता रहेको थियो ।

## अविभावकत्व ग्रहण सम्बन्धी कार्यक्रम



एनसिई–नेपाल जिल्ला समन्वय समितिद्धारा विद्यालय भर्ना अभियान सम्बन्धी समुदायस्तरमा गरिएका विभिन्न सचेतनामूलक कार्यक्रमहरुले स्थानीय तहमा रहेका सरकार, राजनीतिक दल, नागरिक समाज लगायत अन्य शिक्षाप्रेमीहरुको सार्वजनिक शिक्षाप्रति ध्यानाकर्षण गराउन सफल रहेको थियो । स्थानीय स्तरमा रहेका गरिब तथा अनाथ बालबालिकाहरुको उज्जवल भविष्य सुनिश्चित गर्नका निमित्त उनीहरुलाई शिक्षामा पहुँच गर्ने उद्देश्यका साथ एनसिई–नेपाल जिल्ला समन्वय समितिः रुपन्देही, नवलपरासी, कास्की, कालिकोट र पर्वतद्वारा स्थानीय सरोकारवालाहरुको सहभागितामा अविभाबकत्व ग्रहण कार्यक्रम सम्पन्न गरिएको थियो । एनसिई–नेपाल जिल्ला समन्वय समितिले संयोजन गरेका कार्यक्रममा रुपन्देही जिल्लामा ६८ बालबालिकाहरुको स्थानीय प्रतिनिधिहरुद्वारा अविभाबकत्व ग्रहण गरिएको थियो । त्यसै गरी एनसिई–नेपाल जिल्ला समन्वय समिति नवलपरासीका संयोजक श्री बद्री प्रसाद सुवेदी स्वयम् बाट एक बालकको माध्यमिक तहसम्मको शिक्षाको अविभावकत्व ग्रहण गरियो ।

यसै गरी एनसिई–नेपाल जिल्ला समन्वय समिति कालिकोटद्वारा सहजीकरण गरिएको कार्यक्रममा कालिकोट जिल्ला स्थित तिलागुफा नगरपालिकाका प्रमुख श्री रतन बहादुर शाही र एमालेका जिल्ला अध्यक्ष श्री नगेन्द्र बहादुर शाही, त्यसै गरी एनसिई–नेपाल जिल्ला समन्वय समिति पर्वतको सहजीकरणमा राष्ट्रिय सभाका प्रमुख माननीय गणेश तिमल्सिना, कुश्मा नगरपालिका वडा नं ६ का वडा










अध्यक्ष, फलेवास नगरपालिकाका प्रमुखहरु समेतबाट स्थानीय बालबालिकाहरुको अभिभावकत्व ग्रहण गरिएको थियो । यसै सन्दर्भमा एनसिई–नेपाल जिल्ला समन्वय समिति कास्कीका संयोजक संस्था चिल्ड्रेन नेपालले स्थानीय सरकार, राजनीतिक दल, अभिभावक, पत्रकार, शिक्षक, समाजका अगुवा, आदिहरुको उपस्थितीमा पोखराको श्री धर्मस्थली माध्यमिक विद्यालय, श्री कृष्ण माध्यमिक विद्यालय र श्री बाराही माध्यमिक विद्यालयमा गरी करिब १०० जना बालबालिकाहरुको अभिभावकत्व ग्रहण गरेको थियो । सो क्रममा राष्ट्रिय सभाका माननीय गणेश तिमल्सिना, प्रदेश नं ४ का मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा, भौतिक पूर्वाधार मन्त्री माननीय रामशरण बस्नेत, सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन,एनसिई–नेपाल जिल्ला समन्वय समितिका संयोजक संस्था चिल्ड्रेन नेपाल लगायत अन्य शिक्षाप्रेमीहरुद्वारा अभिभावकत्व ग्रहण गरिएको थियो । यसका साथै एनसिई–नेपाल जिल्ला समन्वय समिति रुपन्देही र कालिकोटले स्थानीय स्तरमा रहेका हुने बालबालिकाहरुलाई विद्यालय भर्ना सहयोग गर्ने गरी पोशाक तथा आवश्यक स्टेश्नरी सामाग्रीहरु समेत वितरण गरेका थिए ।






## भर्ना अभियान सम्बन्धमा अपिल वितरण तथा हस्तान्तरण



विश्वव्यापी कार्य सप्ताह २०१८ को सन्दर्भमा
विद्यार्थी भर्ना अभियान तथा नि:शुल्क पाठ्यपुस्तक वितरण सम्बन्धी
शिक्षाकालागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल) मकवानपुर जिल्ला समन्वय समितिको

**हार्दिक अपिल**

को संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क तथा माध्यमिव
नि:शुल्क पाउने अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा जनजाती समूदायको बाहुल्यता
त अति सिमान्तकृत तथा लोपोन्मुख जनजातीहरुको समेत बसोवास रहेको र पहाडी एवम् दुर्गम भौगोलिक अव
कवानपुर जिल्लामा विद्यालय उमेरका करिब २ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेको र विद्याल
१२ प्रतिशत रहेको अवस्थालाई मध्यनजर गरी मकवानपुर जिल्लामा विद्यालय बाहिर रहेका विद्यालय
लिकालाई विद्यालयमा भर्ना गराउने र भर्ना भएकाहरुलाई टिकाई राख्ने उद्धेश्यका साथ विद्यार्थी भर्ना अभियान
ुस्तक वितरण सम्बन्धमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यार्थी भर्ना तथा पाठ्यपु
मलाई प्रभावकारी बनाउनका लागि तपसिल बमोजिम गर्न गराउन सम्पूर्ण अभिभावक, शिक्षक, विद्यालय, राज
य तह, जन प्रतिनिधि, सन्चारकर्मी, सामुदायिक सिकाइ केन्द्र, स्रोत केन्द्र, गै.स.स., पेसाकर्मी लगायत स
रवालाहरुमा **शिक्षाकालागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल) मकवानपुर जिल्ला समन्**
अपिल गर्दछ ।

**सिल :**

.स. २०७५ को भर्ना अभियानको आदर्श वाक्य "**हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत**
र्म बमोजिम विद्यालय उमेरका सबै बालबालिकालाई अनुमति प्राप्त नजिकको विद्यालयमा भर्ना
द्यालय भर्ना दर न्यून रहेका (विद्यालय बाहिर अधिक बालबालिका रहेका) क्षेत्रमा बाल र्‍याली, घरदैल
कार्यक्रम सहित सघन रुपमा अभियान सञ्चालन गरौं ।
वै विद्यालयहरुमा २०७५ बैशाख ५ गते विशेष कार्यक्रमको आयोजना गरी जनप्रतिनिधि
ुख/शिक्षाविद्/वि.व्य.स. अध्यक्ष आदि विशिष्ट व्यक्तिको उपस्थितिमा नि:शुल्क पाठ्यपुस्तक वित
०७५ बैशाख २ देखि १४ गते सम्म पहिलो चरणमा भर्ना हुन आउने नयाँ बालबालिका
ागतका साथभर्ना गराऔं ।
०७५ बैशाख २ देखि १४ गते सम्म पनि भर्ना हुन नआएका विद्यालय उमेरका बालबालिका प
ानीय सरकारी गैर सरकारी संघ-संस्था , स्थानीय जनप्रतिनिधि, शिक्षक, वि.व्य.स., बुद्धिजीवीहरु
सहभागितामा शैक्षिक परामर्श सहित बैशाख ३० गते सम्ममा भर्ना गराऔं ।
-आफ्नो सेवा क्षेत्र भित्र **Hard to reach** समूहका बालबालिकालाई विद्यालयमा भर्ना ग
ख्नकालागि विद्यालय, स्रोत केन्द्र तह र स्थानीय तहमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गरौं
र्ना अभियानको दोस्रो चरण (२०७५ बैशाख १५ देखि ३० गते सम्म)को अन्त्यमा आफ्नो सेवा
द्यालय तहमा वा स्रोत केन्द्र तहमा वा स्थानीय तहमा शैक्षिक सरोकारवाला, सहयोगी संघसंस्था,
ानीय जन प्रतिनिधिहरुको सहभागितामा अनिवार्य तथा नि:शुल्क शिक्षा लागू गर्नकालागि लक्षित समूह
मेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने गरी प्रतिबद्धताका साथ घोषणा कार्यक्रम

**यस अभियानमा सहभागि सहयोगि संस्थाहरु**

सार्वजनिक शिक्षाको महत्व तथा विद्यालय भर्ना अभियान सम्बन्धी सरोकारवालाहरुको ध्यानाकर्षण गराउने उद्देश्यका साथ एनसिई–नेपाल जिल्ला समन्वय समिति मकवानपुरले "विद्यार्थी भर्ना अभियान तथा नि:शल्क पाठ्यपुस्तक वितरण" सम्बन्धी नागरिक अपिल प्रकाशन गरी जिल्लाका विभिन्न स्थानीय तहका श्रोत केन्द्र र विद्यालयहरुमा वितरण गरेको थियो । उक्त अपिल मकवानपुर जिल्लाको परिवेश तथा जिल्लाको शैक्षिक अवस्थालाई मुल्याङ्कन गरी तयार गरिएको थियो । सो अपिलमा शैक्षिक सत्र २०७५ को भर्ना अभियानको मूल नारा "हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा" को मर्म बमोजिम विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने, आ–आफ्नो सेवाक्षेत्र भित्र पहुँच गाह्रो भएका समूहका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाई राख्नका लागि विद्यालय, श्रोतकेन्द्र तह र स्थानीय तहमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने जस्ता कुरामा जोड दिदैँ, विद्यालय भर्ना अभियान सम्बन्धी समुदायस्तरमा आयो जना गरिने पाठ्यपुस्तक वितरण, विद्यार्थी स्वागत कार्यक्रम, कुनै पनि बालबालिका विद्यालय बाहिर नरहनका निमित्त समुदायस्तरमा प्रतिवद्धता घोषणा कार्यक्रम, आदि गर्ने बारे समेत उल्लेख गरिएको थियो ।

# शिक्षामा जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न नागरिक अपिल हस्तान्तरण








एनसिई–नेपालका सदस्य संस्था, सरकार, राजनीतिक दल, नागरिक समाज, अभिभावक, विद्यार्थी, शिक्षक, पत्रकार, शिक्षाविद् तथा शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरुसँग गरिएको छलफलका आधारमा एनसिई–नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा सार्वजनिक शिक्षाका विभिन्न मुद्दाहरु समावेश गरिएको नागरिक अपिल प्रकाशन गरी राष्ट्रिय एवम् स्थानीय स्तरमा वितरण गरेको थियो । उक्त अपिलमा विशेषगरी शैक्षिक गुणस्तर, नि:शुल्क र अनिवार्य शिक्षा सम्बन्धी प्रावधानको पूर्ण कार्यान्वयन, शैक्षिक लगानी, शिक्षामा पहुँच, शिक्षामा निजीकरणको अन्त्य, मातृभाषाको प्रयोग, व्यवसायिक र रोजगारमूलक शिक्षामा जोड, शिक्षक व्यवस्थापन, बालिका शिक्षामा सुरक्षा र संरक्षण, दिगो विकास लक्ष्यको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, विद्यालयमा सुशासन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता, विद्यालय शान्तिक्षेत्र घोषणा, जस्ता विभिन्न मुद्दाहरुलाई समावेश गरी सो मुद्दाहरुलाई सम्बोधन गर्नका निमित्त स्थानीय सरकारको भूमिका बारे जोड दिइएको थियो । केन्द्रस्तरमा सो अपिल, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, शिक्षा विभाग, राजनीतिक दलका नेताहरु तथा प्रतिनिधि सभाका सदस्यहरुलाई बुझाईएको थियो ।

यसैगरी जिल्ला स्तरहरुमा पनि सो अपिललाई एनसिई–नेपाल जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, महोत्तरी, बाँके, मोरङ्ग, कपिलवस्तु, नवलपरासी, कास्की, चितवन र धनुषाले आ–आफ्ना जिल्लामा रहेका स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय तथा राजनीतिक दलका प्रतिनिधिहरुलाई बुझाउने कार्य सम्पन्न गरेका थिए । यसरी बुझाईएका नागरिक अपिलहरुले स्थानीय तथा संघीय सरकार लगायत शिक्षासँग सम्बन्धित अन्य सबै सरोकारवालाहरुलाई सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त गम्भीर ध्यानाकर्षण गराईएको थियो ।

# दिगो विकास लक्ष्य प्राप्तीका लागि जनसहभागिता

## वृहत् शैक्षिक र्‍याली

सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त गरिएका विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु प्रति सरकारलाई जवाफदेही बनाउने र विकास प्रक्रियामा नागरिक सहभागितालाई सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका साथ एनसिई–नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एक वृहत शान्तिपूर्ण शैक्षिक र्‍याली काठमाडौँमा सम्पन्न गरेको थियो । र्‍यालीमा सहभागीहरुले सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त "दिगो विकास लक्ष्य ४ मा राज्यको जवाफदेहिता र नागरिक सहभागिता" भन्ने मूल नाराका साथ आफ्नो ऐक्यवद्धता जनाएका थिए । उक्त र्‍याली कार्यक्रमले शिक्षामा सुशासन र जवाफदेहिता, शिक्षामा पर्याप्त लगानी, प्रगतिशील कर र प्रगतिशील लगानी, नीजि विद्यालयहरुको अनुगमन एवम् मूल्याङ्कन, सुरक्षित सिक्ने वातावरण, शिक्षक व्यवस्थापन, बालिका शिक्षामा सुरक्षा र संरक्षणको सवाल जस्ता शिक्षाका मुद्दाहरु बारे सकारात्मक सन्देश दर्शाउँदै सरकार लगायत नागरिक समुदायहरुको ध्यानाकर्षण गराएको थियो । र्‍यालीमा सहभागीहरुद्वारा विभिन्न सन्देशमूलक प्लेकार्ड, पेपर ह्याट, होडिङ्ग बोर्ड, पोस्टर लगायत अन्य प्रदर्शनी सामग्रीहरुको व्यापक मात्रामा प्रयोग गरिएको थियो ।

यसैगरी दिगो विकास लक्ष्य तथा सार्वजनिक शिक्षा सुदृढीकरण गर्नका निमित्त स्थानीय सरकारहरुको ध्यानाकर्षण गराई उहाँहरुलाई जवाफदेही बनाउने उद्देश्यका साथ एनसिई–नेपालका जिल्ला समन्वय समितिहरुले विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा स्थानीय जनसहभागिताका साथ शैक्षिक र्‍यालीहरु भव्यताका साथ सम्पन्न गरेका थिए । उक्त प्रकारका शैक्षिक र्‍याली एनसिई–नेपाल जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, कपिलवस्तु, रुपन्देही, चितवन, धनुषा, महोत्तरी, मोरङ्ग र बाँकेले सम्पन्न गरेका थिए । जिल्लास्तरमा आयोजित सो कार्यक्रमहरुले शिक्षासँग सम्बन्धित मुद्दाहरुलाई सम्बोधन गरी सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण गराउन सफल रहेको थियो ।

## केन्द्र स्तरमा सम्पन्न शैक्षिक र्‍याली


















## स्थानीय स्तरमा सम्पन्न शैक्षिक र्‍याली















## सार्वजनिक शिक्षा सुदृढीकरणका लागि हस्ताक्षर अभियान

दिगो विकास लक्ष्यमा सामूहिक जवाफदेहिता अभिवृद्धि गर्न विभिन्न अभियान तथा कार्यक्रमको क्रममा सरकारका प्रतिनिधि राजनितिक दल व्यवस्थापिका संसदका सदस्यहरु, नागरिक समाजका प्रतिनिधि, पत्रकार, विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, युवा लगायत सम्बन्धित सबै सरोकारवालाहरुले दिगो विकास लक्ष्यको सफल कार्यान्वयन र सार्वजनिक शिक्षाको सुदृढीकरणका लागि सामूहिक जवाफदेहिता अभिवृद्धि गर्न हस्ताक्षर सहित प्रतिवद्धता जनाएका थिए ।











## विद्यार्थीहरुद्वारा सम्माननीय प्रधानमन्त्रीलाई खुल्ला पत्र

शिक्षाका प्रमुख सरोकारवाला भनेका विद्यार्थीहरु हुन् । विद्यार्थीका सरोकारहरु नीति निर्माण तहमा पुऱ्याउनु नागरिक समाज लगायत सबैको दायित्व हो । विद्यार्थीहरुको सरोकारहरु सम्बोधनबाट मात्र सही अर्थमा सार्वजानिक शिक्षाको सुधार हुन सक्दछ । यसै तथ्यलाई मध्यनजर गर्दै एनसिई-नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा सार्वजानिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट "मैले चाहेको विद्यालय" विषयमा सम्मानतीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी पत्र अभियान संचालन गरेको थियो । विद्यार्थीबाट पठाईएका पत्रहरु मार्फत उनीहरुले हाल अध्ययन गर्दै गरेको विद्यालयको अवस्था र गुणस्तरीय शिक्षाको निमित्त उनीहरुले कस्तो विद्यालय चाहन्छन् भन्ने पक्ष प्रमुख रुपमा उठाईएको थियो ।

पत्र अभियान मार्फत २५ जिल्लाका २०० विद्यालयहरुबाट करिब ५,००० पत्रहरु संकलन गरिएको थियो । मदर्सा, गुरुकुल, गुम्बा तथा मातृभाषामा संचालन भएका विद्यालयहरुमा अध्ययनरत गरीब तथा पिछडिएका, सिमान्तकृत, विभिन्न भाषा तथा धर्म, फरक क्षमता भएका विद्यार्थीहरुले सम्मानतीय प्रधानमन्त्रीलाई लेखेको पत्र मार्फत आफ्नो विद्यालयको वर्तमान अवस्था बारे चित्रण गर्दै त्यसको सुधारको निमित्त आफ्ना मागहरुलाई पत्रमा उल्लेख गरेका थिए । उक्त पत्रहरु नेपाली र अंग्रेजीको अतिरिक्त नेवारी भाषा तथा ब्रेल लिपीमा समेत लेखिएका थिए ।

विद्यार्थीहरुद्वारा लेखिएका उक्त पत्रहरुमा उनीहरुले सरकारले शिक्षा नि:शुल्क भने पनि व्यवहारिक रुपमा त्यो लागू नभएको र विद्यार्थी/अविभावकहरुले विद्यालय भर्ना, परीक्षा शुल्क, प्रयोगशाला शुल्क, आदि बापत विभिन्न शिर्षकहरुमा पैसा तिर्नुपर्ने र त्यसले गर्दा



निरन्तर विद्यालय आउन कठिनाई हुने हुँदा शिक्षालाई पूर्णरुपमा नि:शुल्क गराइयोस् भन्ने माग राखेका छन् । यसका अतिरिक्त, विद्यार्थीहरुले विद्यालयमा राम्रो र स्वच्छ पिउने पानी, सफा र आधारभूत सामग्रीहरुले सम्पन्न शौचालय सुविधा, योग्य तथा विषयगत शिक्षक, खेलकुद सामग्रीहरु सहितको ठूलो खेलमैदान, निरन्तर कक्षा संचालन, शिक्षामा प्रविधिको प्रयोग, प्राविधिक र व्यवहारिक शिक्षामा जोड, बालबालिका तथा अपाङ्गमैत्री कक्षाकोठा तथा विद्यालय, आवश्यक सामग्री सहितको पुस्तकालय तथा प्रयोगशाला, यातायात तथा छात्रावास सुविधा, अतिरिक्त क्रियाकलाप, आदि जस्ता विभिन्न आधारभूत तथा व्यवहारिक मागहरुलाई पत्र मार्फत सम्मानतीय प्रधानमन्त्री समक्ष उल्लेख गरेका छन् ।

यसरी विद्यार्थीहरुद्वारा लेखिएर संकलन गरिएको पत्रहरु मार्फत मुलुकको सार्वजनिक शिक्षाको अवस्था बारे सरकारको गम्भीर ध्यानाकृष्ट गराउने उद्देश्यका साथ विद्यार्थी प्रतिनिधिहरुकै हातबाट सम्मानतीय प्रधानमन्त्री समक्ष सो पत्रहरु हस्तान्तरण गर्ने क्रममा हाल एनसिई-नेपाल रहेको छ ।










## प्रमाणमा आधारित वकालत तथा पैरवी

एनसिई-नेपालले सदैव प्रमाणमा आधारित वकालत तथा पैरवी गर्ने गर्दछ । नेपाल सरकारले दिगो विकास लक्ष्य प्राप्तीका लागि निर्माण गरेको विद्यालय क्षेत्र विकास योजना हाल दोश्रो वर्षमा कार्यान्वयन भई रहेको छ भने, मुलुकको संरचना परिवर्तन भएसँगै त्यसअनुरुप सो योजनालाई ढाल्नका निमित्त आवश्यक परिमार्जन गर्नुपर्ने अवस्था रहेको छ । यसै सन्दर्भमा, उक्त विद्यालय क्षेत्र विकास योजनाले बोकेको लक्ष्य तथा सूचकहरुमा राष्ट्रले हाल सम्म गरेको प्रगतिलाई समिक्षा गर्ने उद्देश्यका साथ एनसिई-नेपालले विद्यालय क्षेत्र विकास योजनाको प्रगति विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार गरेको छ । उक्त अध्ययनले दिगो विकास लक्ष्य र विद्यालय क्षेत्र विकास योजनामा रहेका विभिन्न सूचकहरुको हालसम्मको कार्यान्वयनको अवस्था उजागर गरेको थियो ।






यसका साथै एनसिई–नेपालले दिगो विकास लक्ष्य र विद्यालय क्षेत्र विकास योजनाले बोकेका सूचक एवम् लक्ष्यका आधारमा विभिन्न प्रदेशहरुको शैक्षिक अवस्था बारे पनि अध्ययन प्रतिवेदन तयार गरी वितरण गरेको छ । तसर्थ उक्त अध्ययनको निश्कर्षले अबको दिनमा स्थानीय एवम् प्रादेशिक स्तरको स्थिती विश्लेषण गर्दै, उक्त क्षेत्रको आवश्यकता अनुसार कार्यक्रमहरु लक्ष्य एवम् सूचकहरु निर्धारण गर्नुपर्ने माग गरको छ ।

यसैगरी एनसिई–नेपालले विद्यालयहरुको अनुगमन र अध्ययनमा आधारित भएर नागरिक समाज शिक्षा प्रतिवेदन तयार गरेको छ । उक्त अध्ययनले शिक्षामा पहुँच, समता, सुशासन, शिक्षक व्यवस्थापन, शैक्षिक लगानी, आदिको वर्तमान अवस्थालाई विश्लेषण गरेको छ । साथै सो अध्ययनले सरकारको नीति बालबालिकाहरुलाई विद्यालय भर्ना अभियान अन्तर्गत भर्ना गराउने सम्म मात्र सिमित रहेको, तर भर्ना पश्चात विद्यार्थीहरुलाई विद्यालयमा गुणस्तरीय ढङ्गबाट सिकाउने र टिकाउने तर्फ कुनै ध्यानाकर्षण नभएको दर्शाएको छ ।

यसैगरी सो अध्ययनले सार्वजनिक विद्यालयहरुमा सुशासन प्रवर्द्धनका निमित्त अभिभावकहरुको न्यून सहभागीता रहने गरेको र सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकले संविधानको नि:शुल्क शिक्षा प्रावधानको विपरित प्रत्यक्ष रुपमा विद्यालयलाई विभिन्न शिर्षक अन्तर्गत शुल्क तिर्ने गरेको अवस्था बारे उजागर समेत गरेको छ ।

एनसिई–नेपालद्वारा प्रकाशन गरिएका उक्त अध्ययनका प्रतिवदेनहरुलाई एनसिई–नेपालको वेभसाईट वा निम्न उल्लेखित लिङ्कमा गएर पढ्न सकिनेछ:

- *https://drive.google.com/file/d/1E5fbC1s2kDqkeIWYFh41AneVXh5wv BYH/ view?usp=sharing*
- *https://drive.google.com/file/d/1cY2ojmbFzqNoGZxHjxwvk81ymgkPnFf9/ view?usp=sharing*
- *https://drive.google.com/file/d/1cY2ojmbFzqNoGZxHjxwvk81ymgkPnFf9/ view?usp=sharing*



# शिक्षामा क्षेत्रमा लगानी अभिवृद्धि गर्न दबाव तथा ध्यानाकर्षण

निःशुल्क र अनिवार्य शिक्षाको सुनिश्चितताको निमित्त राज्यले शिक्षा क्षेत्रमा लगानी बढाउनु पर्ने आवश्यक छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा निःशुल्क तथा अनिवार्य गरेको छ । नेपाल सरकारद्वारा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा समेत शिक्षा क्षेत्रको लगानी कूल बजेटको कम्तीमा १५-२०% र कूल ग्राहस्थ उत्पादनको ४-६% पुऱ्याउने प्रतिवद्धताहरु गरेको छ । तर विगत केही वर्ष देखि शिक्षाको लगानी क्रमश घट्दैं गएको छ । यसरी घट्दो लगानीले संविधानले सुनिश्चित गरेको निःशुल्क र अनिवार्य शिक्षा अधिकार संवोधन गर्छ त ? भन्ने प्रश्न टड्कारो रुपमा रहेको छ । तसर्थ संविधान पद्दत शिक्षा सम्बन्धी मौलिक हकको सुनिश्चतताको लागि राज्यले कति लगानी गर्नुपर्दछ र हालको बजेटमा कति अपर्याप्त छ भन्ने विश्लेषणात्मक तथ्य एनसिई-नेपालले सार्वजनिक गरेको छ । लामो समयको अध्ययन पश्चात गरिएको उक्त अनुसन्धानले संविधान अनुरुप शिक्षा अधिकार सुनिश्चित गर्न हालको अवस्थामा करिब तीन गुणा बजेट अपर्याप्त रहेको तथय सार्वजनिक गरेको छ ।



उक्त अध्ययन एनसिई-नेपालको लागि शिक्षाविद् प्रा.डा. विनय कुसियतले गनु भएको थियो । प्रतिवेदन सार्वजनिक कार्यक्रममा नेकपा एमालेका सचिव तथा प्रतिनिधि सभाका सांसद् माननीय योगेश भट्टराईले, चुनावी घोषणा-पत्रमा पार्टीले गरेको प्रतिवद्धता अनुसार शिक्षाका` लगानी क्रमश बढाउँदै लैजान पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो । साथै नेपाली कांग्रेसका नेता तथा राष्ट्रिय सभाका सदस्य माननीय बद्री पाण्डे, नेकपा माओवादी केन्द्रका नेता माननीय




लेखनाथ न्यौपाने लगायत उपस्थित राजनितिक दलका प्रतिनिधि तथा सांसद सदस्यहरुले शिक्षामा हालको लगानी अपर्याप्त रहेको र लगानी वृद्धि गर्ने कुरामा आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो । यसका साथै राष्ट्रिय योजना आयोग शिक्षा मन्त्रालय, तथा शिक्षा विभागका प्रतिनिधिहरुले शिक्षाको लगानीमा हाल देखिएको खाडल पुरा गर्न नागरिक समाज र सरकार सबैको सामूहिक प्रयन्त आवश्यक रहेको बताउनु भएको थियो । कार्यक्रममा उपस्थित शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, पत्रकारहरुको समेतले शिक्षामा लगानी बढाउने दिशामा सरकार अग्रगामी हुनुपर्ने कुरामा जोड दिएका थिए ।

एनसिई-नेपालद्वारा प्रकाशन गरिएको उक्त अध्ययनको निश्कर्षलाई एनसिई-नेपालको वेभसाईट वा निम्न उल्लेखित लिङ्कमा गएर पढ्न सकिनेछः
https://drive.google.com/file/d/1_QrwPCQmBBN3QkokOgAzhwrbMfy_cCFX/view?usp=sharin g




# शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा संचार माध्यमसंगको सहकार्य र साझेदारिता

## पत्रकार सम्मेलन




शिक्षा अभियानका प्रमुख अभियन्ता रहदैं आएको संचार माध्यमहरुलाई शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ को योजना तथा कार्यक्रमहरु बारे अवगत गराउने उद्देश्यका साथ एनसिई-नेपालले विभिन्न शिक्षा पत्रकारहरुको उपस्थितीमा, काठमाडौंमा पत्रकार सम्मेलन सम्पन्न गरेको थियो । उक्त सम्मेलनले विश्वव्यापी कार्य सप्ताहको उद्देश्य र कार्यक्रमहरु बारे विभिन्न राष्ट्रिय एवम् स्थानीय स्तरमा रहेका समाचार पत्रहरु मार्फत समुदाय लगायत शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरुसम्म पुऱ्याई, सो सप्ताहमा सबैलाई सार्वजनिक शिक्षा सुदृढीकरणका लागि एकवद्ध हुन आह्वान समेत गरेको थियो । यसैगरी जिल्लास्तरमा पनि एनसिई-नेपालका जिल्ला समन्वय समितिहरुले स्थानीयस्तरमा रहेका विभिन्न पत्रकारहरुसँगको साझेदारीमा दिगो विकास लक्ष्य र शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह बारे स्थानीय निकाय तथा समुदायहरुलाई जानकारी गराएको थियो । यसरी केन्द्र एवम् जिल्लास्तरमा सम्पन्न पत्रकार सम्मेलनहरुले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ मा बढी भन्दा बढी जनसहभागिता गराउँदै सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त सरकार लगायत समुदायहरुको ऐक्यवद्धता जनाउन सफल रहेको थियो ।

# सार्वजनिक शिक्षाका मुद्दाहरु सञ्चारमा

सार्वजनिक शिक्षाको विषयमा एनसिई–नेपालद्वारा उठान गरिएका विषयवस्तुहरुलाई केन्द्र एवम् जिल्लास्तरका सञ्चार माध्यमहरुले विभिन्न पत्रपत्रिका, अनलाइन खबर, रेडियो र टि.भी. मार्फत व्यापक रुपमा प्रदर्शन गरेका छन् । मार्फत पनि विश्वव्यापी कार्य सप्ताहको झलकहरुको प्रदर्शन गरी एक आपसमा आदान प्रदानको वातावरण श्रृजना गरेका थिए ।



# शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहका केही झलकहरु




शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)
बबरमहल, काठमाडौं पो.ओ.बक्स : १४४२१
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
ईमेल : info@ncenepal.org.np वेभसाईट : www.ncenepal.org.np
फेसबुक : www.facebook.com/nce.nepal.9